# व्यवसायिक बाखापालन तालिम




**निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**गढवा, दाङ्ग**

**१२-१४ बैशाख २०७९**

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय गढवा, दाङ्गले संस्थाका आफना ३२ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७९ वैशाख १२ गते देखि १४ गते सम्म दाङ्ग जिल्लाको गढवामा **"व्यवसायिक बाख्रापालन तालिम"** सम्पन्न गरेको छ। यस तालिममा प्रशिक्षकहरु पशु सेवा कार्यालय लमहीका प्रमुख श्री शिवराज न्यौपाने तथा डा. अन्जनी थापा मगर रहेका थिए ।

*२०७९।०१।१२ गते पहिलो दिन*

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिई रहेको र संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घर परिवार आर्थिक समुन्नति तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यालय कोहलपुर का कार्यक्रम व्यवस्थापक श्री मिन वहादुर हमालले बताउनु भएको थियो । तालिममा सहभागीहरु लाई लेखापाल श्री यमुना न्यौपानेले स्वागत गर्नु भयो । त्यसैगरी प्रमुख कार्यकारी अधिकृतको शुभकामना सन्देश तथा तालिमको उद्देश्य बारेमा संस्थाको गढवाका शाखा कार्यालयका प्रमुख नारायण भुर्तेलले प्रकाश पारेका थिए ।

पशु सेवा कार्यालय लमहीका प्रमुख श्री शिवराज न्यौपानेले बाख्रापालन व्यवसाय एक परिचय, स्थानीय र उन्नत बाख्रामा भिन्नता, बाख्रापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाख्राहरुको जातिय परिचय, सम्बन्धी राम्रो संग प्रष्ट पार्नु भयो । उहाँले बाख्रापालन विधि, उमेर अनुसार पाठापाठी, बाख्रा बोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरु सम्बन्धमा पनि प्रकाश पार्नु भयो ।

पहिलो दिनको अन्तमा क्षेत्रीय कार्यालय कोहलपूर का कार्यक्रम व्यवस्थापक श्री मिन वहादुर हमालले संस्थाले दिई रहेको सेवाहरुः कर्जा, बचत, बीमा, रेमिटेन्स र बचतको महत्वको वारेमा प्रष्ट पार्नु भयो ।

*२०७९।०१।१३ गते दोस्रो दिन*

पशुसेवा कार्यालय लमहीका डा. अन्जनी थापा मगरले उमेर अनुसार बाख्रालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका का वारेमा छलफल गर्नु भयो । उहाँले प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाख्रा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी गराउनु भयो ।

खाना पछाडि उन्नत बाख्रा पालक कृषकको खोर अध्ययन अवलोकनको लागि लमही ६ वयलडाँडामा रहेको **थाई बहुउद्देश्यीय पशुपंक्षी तथा कृषि फर्म** अवलोकन गर्नुको साथै कृषक श्री सीता डि.सी. संग छलफल गरियो । त्यस पछाडि डा. अन्जनी थापा मगरले रोग तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथा बाख्रामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाख्राको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपाय बारे जानकारी गराउनु भयो ।

*२०७९।०१।१३ गते तेस्रो दिन*

पशु सेवा कार्यालय लमहीका प्रमुख श्री शिवराज न्यौपानेले बाखामा हुने आन्तरीक र वाह्य परजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी गराउनु भयो । उहाँले स्थानीय बाखापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार ब्यवस्थापन, बाखापालनको स्किम बारेमा तालिम दिनु भयो ।

खाना पछाडि संस्थाको पब्लिक डिपोजिट, समृद्धि बचत, कर्जा सदुपयोगीता, तथा संस्थाका सेवाहरुको बारेमा शाखा कार्यालय गढवाका प्रमुख नारायण भुर्तेलले प्रकाश पार्नु भएको थियो ।




तालिमको अन्त्यमा सहभागीहरु श्री विमला भट्टराई, श्री सीता थापा र श्री शान्ता खड्काले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा उन्नत बाखापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । बाखापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको जानकारी संस्थाका क्षेत्रीय कार्यालय कोहलपुरका कार्यकम ब्यवस्थापक श्री मिन वहादुर हमालले दिनु भएको थियो ।

गढवा शाखाका श्री प्रमुख नारायण भुर्तेलले तालिममा सहभागी सबैलाई धन्यबाद दिंदै तालिममा सिकेका कुराहरुलाई ब्यवहारमा लागु गरी आफ्नो केन्द्रमा गई आफुले सिकेका सिपहरु अरुलाई पनि सिकाउने र आफु एउटा सफल उद्यमी बन्ने प्रतिबद्धताका साथ अघि बढ्ने बिश्वासका साथ मिति २०७९।०१।१२ गते देखी २०७९।०१।१४ गते सम्म सञ्चालन भएको तालिमको समापन गरिएको थियो ।